सेन्टर फर मिडिया रिसर्च – नेपाल

# नीति पत्र

नीति पत्र शृंखला नं . २४
२०७८, असोज

# प्रदेश सरकारका नीति, कार्यक्रम र बजेटमा आमसञ्चार र पत्रकारिता

भुवन केसी र उज्वल प्रजापति

## १. पृष्ठभूमि

नेपालको संविधान २०७२ मा संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकार बाँडफाँट गरिएको छ । यही क्रममा संविधानको अनुसूची ६ मा प्रदेशको अधिकार सूचीमा रेडियो, एफएम र टेलिभिजन उल्लेख गरिएको छ । नेपालको संविधान अनुसूची ५, ६, ७ र ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकार हरूको कार्य विस्तृतिकरण सम्बन्धी नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत प्रतिवेदनअनुसार रेडियो, एफएम र टेलिभिजनसम्बन्धी प्रावधानमा रेडियो, एफएम, टेलिभिजन सञ्चालनसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन, १०० वाटभन्दा माथि १००० वाटसम्मको एफएम रेडियो इजाजत र नवीकरणको अधिकार प्रदेश सरकारलाई दिइएको छ ।[1]

प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन अनुमति, नवीकरण र नियमन, पत्रकार आचारसंहिता अनुगमन, छापा सञ्चार माध्यमको दर्ता, अनुमति, आचारसंहिता निर्धारण, अभिलेखन, वर्गीकरण, सञ्चालन र नियमन पनि प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेको छ । यस्तै अनलाइन मिडिया र अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, नवीकरण, अभिलेख, अनुगमन र नियमन, अनलाइन मिडिया र अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, नवीकरण, अभिलेख, अनुगमन र नियमन, प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण परेका छन् । त्यस अतिरिक्त श्रमजीवि सञ्चारकर्मीहरूको न्युनतम पारिश्रमिक अनुगमन, प्रदेशस्तरीय प्रेस रजिष्ट्रारसम्बन्धी, केबुल वितरणको इजाजत, नवीकरण र नियमन, सञ्चारको हकको प्रादेशिक संरक्षण र प्रवर्द्धन र सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन पनि प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेको छ ।[2]

संविधानको अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारको सूचीमा सञ्चारसम्बन्धी प्रावधान राखिएको छ । साझा अधिकारको सुचीमा सञ्चार माध्यमसम्बन्धी प्रावधान अन्तर्गत केबुल प्रसारण इजाजत, नवीकरण, पत्रकार आचारसंहिता अनुगमन, प्रेस सूचना प्रवाह गर्ने, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण गर्ने, श्रमजीवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन

१ नेपालको संविधान अनुसूची ५, ६, ७ र ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतिकरण सम्बन्धी नेपाल सरकार म।प। बाट स्वीकृत प्रतिवेदन ।

२ नेपालको संविधान अनुसूची ५, ६, ७ र ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतिकरण सम्बन्धी नेपाल सरकार म।प। बाट स्वीकृत प्रतिवेदन ।

गर्ने उल्लेख गरिएको पाइन्छ । नेपालको संविधान २०७२ र संविधान अनुसूची ५, ६, ७ र ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतिकरण प्रतिवेदनमा उल्लेखित प्रावधानअनुसार प्रदेशहरूले नीति तथा कार्यक्रम र बजेटमा आमसञ्चार र पत्रकारसम्बन्धी व्यवस्थाहरू गरेका हुन् ।

यहाँ मुलुक संघीयतामा गइसकेपछि प्रदेश सरकारहरूले नीति तथा कार्यक्रम र बजेटमा के कस्ता नीति तथा कार्यक्रमहरू ल्याएका छन् ? प्रदेशहरूले कस्ता कस्ता विषयलाई प्राथमिकता दिएका छन् ? ती विषयहरूलाई के कति बजेट छुट्टयाएका छन् ? र, आगामी दिनका लागि बहसका विषयहरू के के हुन्छन् ? लगायतका विषयमा चर्चा गरिएको छ ।

# २. नीति तथा कार्यक्रममा समेटिएका विषय

## २.१ निष्पक्ष र मर्यादित भूमिकामा जोड

प्रदेशका नीति तथा कार्यक्रम र बजेटमा आमसञ्चार माध्यमहरूको निष्पक्ष, व्यवसायिक, उत्तरदायी, मर्यादित र जिम्मेवार भूमिकाको अपेक्षा गरिएको छ । र, त्यसका लागि आवश्यक वातावरण सिर्जना गर्ने प्रतिबद्धता व्यक्त गरेको पाइन्छ । ६ वटा प्रदेशले पत्रकारिताको भूमिका उल्लेख गरेपनि लुम्बिनी प्रदेशको नीति तथा कार्यक्रम र बजेटमा यो पक्षमा केही उल्लेख गरेको पाइदैन ।

प्रदेश नं. १ ले उद्योगको रूपमा मिडियालाई अघि बढाउन चाहेको देखिन्छ । यो प्रदेशले आमसञ्चार माध्यमलाई निष्पक्ष, व्यवसायिक, उत्तरदायी र जिम्मेवार उद्योगको रूपमा फस्टाउने वातावरण प्रदान गर्नेमा जोड दिएको पाइन्छ ।[३] त्यस अतिरिक्त पत्रकारितामा गुणस्तरीयता, व्यवसायिकता र स्वतन्त्र एवं स्वच्छ अभ्यासलाई प्रोत्साहन गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको पाइन्छ ।[४] प्रदेश नं. २ ले प्रेस स्वतन्त्रताका सिद्धान्तअनुरूप आमसञ्चारलाई स्वतन्त्र, निष्पक्ष, मर्यादित, जिम्मेवार, अनुशासित बनाउन आवश्यक नीतिगत व्यवस्था गर्न खोजेको देखिन्छ ।[५] प्रदेश नं. १ र २ ले जस्तै बागमती प्रदेशले पनि प्रेस स्वतन्त्रताको सम्मान गर्दै प्रदेशभित्र क्रियाशिल सञ्चार माध्यमलाई मर्यादित, जिम्मेवार र उत्तरदायी बनाउने प्रतिबद्धता व्यक्त गरेको पाइन्छ ।[६]

गण्डकी प्रदेशले एक कदम अघि बढेर आमसञ्चार माध्यमलाई थप मर्यादित र व्यवसायिक बनाउन सञ्चारसम्बन्धी आवश्यक कानुन तर्जुमा गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।[७] कर्णाली प्रदेश कानुन बनाउनेभन्दा पनि कार्यक्रम सञ्चालन गर्नतर्फ अग्रसर भएको पाइन्छ । कर्णाली प्रदेशले आमसञ्चार माध्यमलाई स्वच्छ, मर्यादित, व्यवसायिक बनाउन तथा सञ्चारकर्मीको क्षमता अभिवृद्धिको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गरेको पाइन्छ ।[८] सुदूरपश्चिम प्रदेशले आमसञ्चार क्षेत्रलाई मर्यादित र व्यवसायिक बनाइ सुशासन, स्थायित्व र विकासमा सञ्चार जगतको योगदान प्रवर्द्धन गर्न प्रदेश सञ्चार नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने प्रतिबद्धता जनाएको छ ।[९]

## २.२ सञ्चार नीति तथा कानुन निर्माण

सातवटै प्रदेशका नीति तथा कार्यक्रम र बजेटहरूमा आमसञ्चार नीति, सञ्चार नीति र कानुन निर्माण प्रकृयालाई जोड दिएको पाइन्छ । कानुन निर्माणमा अग्रसरता लिनेमा प्रदेश नं. १, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश रहेका छन् । त्यसपछि अरू प्रदेशले पनि कानून निर्माण प्रक्रियालाई अघि बढाएको पाइन्छ ।

प्रदेश नं. १ ले सबै सञ्चार माध्यमहरूको दर्ता नवीकरण, परिचयपत्र वितरण र वर्गीकरण लगायतका कामहरू प्रदेश तहबाट हुने गरी आवश्यक कानुन तथा संरचनाको विकासमा जोड दिएको पाइन्छ ।[१०] यस्तै आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठनका लागि पनि कानुन निर्माण गर्ने प्रदेश नं. १ को प्रतिबद्धता थियो ।[११] प्रदेश नं. २ ले आर्थिक वर्ष २०७७/७८ मा आमसञ्चार सम्बन्धी नीतिगत व्यवस्थालाई जोड दिएको थियो ।ङ्घ बागमती प्रदेशले आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा सूचना तथा सञ्चार क्षेत्रको विस्तार र सुदृढीकरण गर्ने नीति अबलम्वन गर्ने र आर्थिक वर्ष २०७७/७८ मा सञ्चार

३ प्रदेश नं. १ को आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम ।
४ प्रदेश नं. १ आर्थिक वर्ष २०७६/७७ को बजेट ।
५ प्रदेश नं. २ आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम ।
६ बागमती प्रदेशको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम ।
७ गण्डकी प्रदेशको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम ।
८ कर्णाली प्रदेशको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम ।
९ सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७७/७८को बजेट ।
१० प्रदेश नं. १ आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम ।
११ प्रदेश नं. १ को आर्थिक वर्ष २०७५/७६ को बजेट ।
१२ प्रदेश नं. २ को आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट ।

माध्यमलाई प्रोत्साहन गर्ने नीति अबलम्बन गर्ने उल्लेख गरेको थियो । गण्डकी प्रदेशको आर्थिक वर्ष २०७६/७७ मा सञ्चार सम्बन्धी कानुन तर्जुमा गर्ने र आर्थिक वर्ष २०७८/७९ मा आमसञ्चार माध्यमको नीति निर्माण गरी कार्यान्वयनमा ल्याउने प्रतिबद्धता जनाएको पाइन्छ ।

यस्तै लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा विकासमैत्री सञ्चार र सञ्चारमैत्री सरकारको अवधारणा अबलम्वन गर्ने नीति लिने उल्लेख गरिएको छ । कर्णाली प्रदेशको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा सञ्चार माध्यमको दर्ता, इजाजत, नवीकरण र नियमनको आवश्यक कानुन निर्माण गरी कार्यान्वयनमा ल्याउने प्रतिबद्धता व्यक्त गरिएको थियो । आर्थिक वर्ष २०७८/७९ मा आमसञ्चार माध्यमसम्बन्धी नीति ल्याउने उल्लेख गरिएको छ ।[१३] सुदूरपश्चिम प्रदेशमा सुरूदेखि नै आमसञ्चार सम्बन्धी कानुन निर्माणमा र पछिमात्रै आमसञ्चार नीति ल्याउन जोड दिएको पाइन्छ । सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७४/७५ को नीति तथा कार्यक्रममा सञ्चारमैत्री कानुन निर्माण र आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र बजेटमा आमसञ्चार नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने उल्लेख गरिएको पाइन्छ ।

प्रदेश नं. १ मा मिडिया सम्बन्धी १, प्रदेश नं. २ मा २, बागमती प्रदेशमा १, गण्डकी प्रदेशमा १, लुम्बिनी प्रदेशमा २ र कर्णाली प्रदेशमा १ वटा कानुन बनेका छन् । गण्डकी प्रदेश र लुम्बिनी प्रदेशमा सञ्चार नीति तयार पारिएको छ । सुदूरपश्चिम प्रदेशमा मिडिया सम्बन्धी कानुन बन्ने प्रकृया जारी रहेपनि अन्तिम रूप लिएको छैन ।

## २.३ पत्रकारहरूको क्षमता अभिवृद्धि

प्रदेशहरूले पत्रकारको क्षमता वृद्धिका लागि विशेष प्राथमिकता दिँदै आएको पाइन्छ । सातवटै प्रदेशले कुनै न कुनै रूपमा पत्रकारको क्षमता वृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाएको पाइन्छ । प्रदेश नं. १ को आर्थिक वर्ष २०७४/७५ को बजेटमा, आर्थिक वर्ष २०७५/७६ को बजेटमा र आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम र बजेटमा पत्रकारको क्षमता अभिवृद्धि सम्बन्धी उल्लेख गरेको देखिन्छ । पत्रकारको क्षमता अभिवृद्धिका लागि प्रतिष्ठान स्थापना गर्ने पनि उल्लेख गरिएको छ ।

प्रदेश नं. २ को आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा प्रदेशभित्रका मिडिया सशक्तिकरण तथा सञ्चारकर्मीको क्षमता अभिवृद्धि तथा सिर्जनात्मक कार्यमा सहयोगका लागि सञ्चार विकास कार्यक्रम ल्याइने र आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा पत्रकार हरूको क्षमता अभिवृद्धिको लागि पत्रकार प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने प्रतिबद्धता जाहेर गरिएको थियो ।

बागमती प्रदेशको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा, आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा सञ्चारकर्मीहरूको क्षमता विकासका कार्यक्रमहरू कार्यान्वयनमा ल्याइने उल्लेख गरिएको थियो । र, विभिन्न सञ्चार क्षेत्रमा कार्यरत महिला सञ्चारकर्मीहरूका लागि पेशागत सुरक्षा सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिने पनि उल्लेख गरिएको थियो । यसैगरी महिला पत्रकारहरूको क्षमता अभिवृद्धलाई पनि प्राथमिकता दिएको पाइन्छ ।

गण्डकी प्रदेशको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा, लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७६/७७ मा, आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा सञ्चारकर्मीका लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने कुरालाई जोड दिएको पाइन्छ ।

कर्णाली प्रदेशको आर्थिक वर्ष २०७५/७६ मा र आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा सञ्चारकर्मीको क्षमता अभिवृद्धिको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको थियो ।

सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम र बजेटमा सुदूरपश्चिम प्रदेशमा क्रियाशिल पत्रकारको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

## २.४ आमसञ्चार माध्यमको सञ्चालन

प्रदेशहरूले प्रदेशमा सरकारीस्तरमा मिडिया चलाउन चाहेको देखिन्छ । प्रदेश नं. १ ले रेडियो, बागमती प्रदेशले अनलाइन, रेडियो, टेलिभजन र छापाखाना, गण्डकी प्रदेशले रेडियो र टेलिभिजन, लुम्बिनी प्रदेशले रेडियो नेपाल र नेपाल टेलिभिजनको क्षेत्रीय प्रसारण, कर्णाली प्रदेशले रेडियो, टेलिभिजन र समाचार समिति चलाउन चाहेको देखिन्छ । कर्णाली प्रदेशले रेडियो नेपालको क्षेत्रीय प्रसारणलाई नै आफू मातहत ल्याउने खोजेको छ भने सुदूरपश्चिम प्रदेशले रेडियो र टेलिभिजन स्थापना गर्ने लक्ष्य लिएको पाइन्छ । बागमती प्रदेशले मिडिया चलाउन लागेको भन्दै नेपाल पत्रकार महासंघले विरोध गरेका थियो । सरकार आफैंले सञ्चारमाध्यम सञ्चालन गर्दा यसले नागरिकको विचारलाई नियन्त्रण गर्ने, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित बनाउने एवं स्वतन्त्र

१३ कर्णाली प्रदेशको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम ।

पत्रकारिताको मान्यता र भावना विरूद्ध हुने महासंघको भनाई थियो ।[१४] नेपाली काँग्रेस र नेकपा माओवादीका सभासदहरूले पनि सरकार स्वयंले मिडिया चलाउँदा सञ्चार क्षेत्रमा लगाम बढ्न सक्ने भन्दै विरोध गरेका थिए ।[१५] नेपाल पत्रकार महासंघ बागमती प्रदेशले पनि विरोध गरेको थियो ।[१६] विभिन्न क्षेत्रबाट विरोध आएपछि बागमती प्रदेशका मुख्यमन्त्रीले रेडियो, टेलिभिजन सञ्चालनका लागि नभइ छापाखाना सञ्चालन गर्न बजेट विनियोजन गरेको भनेपछि नीति तथा कार्यक्रम पारित भएको थियो ।[१७]

## २.५ पत्रकारितामा संस्थागत सुधार

प्रदेशहरूको नीति तथा कार्यक्रमहरूमा पत्रकारिता र पत्रकार महासंघको संस्थागत सुधारमा पनि जोड दिएको पाइन्छ । यसरी जोड दिनेमा प्रदेश नं. १, प्रदेश नं. २, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेश रहेका छन् ।

प्रदेश नं. १ को आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा पत्रकार महासंघको संस्थागत सुधारको प्रबन्ध गरिने उल्लेख गरिएको थियो भने आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा पनि आमसञ्चार क्षेत्रको विकास एवं संस्थागत क्षमता अभिवृद्धिको कुरा गरिएको पाइन्छ ।

प्रदेश नं. २ को आर्थिक वर्ष २०७८/७९ को बजेटमा सञ्चार क्षेत्रको संस्थागत विकासलाई प्राथमिकता दिँदै बजेट विनियोजन गरिएको छ । त्यस्तै लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा सामुदायिक सञ्चारमाध्यमको संस्थागत क्षमता विकास गर्ने नीति लिने उल्लेख छ । सुदुरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७८/७९ को बजेटमा प्रदेश सञ्चार श्रोत केन्द्र कैलाली, नेपाल पत्रकार महासंघ प्रदेश समिति तथा नेपाल पत्रकार महासंघ कैलालीको भवन निर्माणको लागि बजेट विनियोजन गरेको उल्लेख छ ।

## २.६ सञ्चार प्रतिष्ठान स्थापना

प्रदेशहरूले प्रदेशभित्र रहेका आमसञ्चारलाई हेर्ने गरी वा पत्रकारको क्षमता अभिवृद्धिका लागि सञ्चार/आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको अवधारणालाई अघि बढाएको पाइन्छ । प्रदेश नं. १ को आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा प्रादेशिक प्रेस इस्टिच्युट गठन गर्ने उल्लेख थियो । त्यसलाई पारिमार्जन गरी आर्थिक वर्ष २०७७/७८ मा प्रादेशिक सञ्चार प्रतिष्ठानको स्थापनालाई जोड दिइएको थियो । प्रदेश नं. १ को आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा प्रादेशिक सञ्चार प्रतिष्ठानमार्फत पत्रकारको क्षमता अभिवृद्धि गर्ने उल्लेख गरिएको छ ।

प्रदेश नं. २ को आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा प्रदेशिक स्तरमा पत्रकारिता अध्ययन प्रतिष्ठान स्थापना गर्ने उल्लेख गरिएको थियो । आर्थिक वर्ष २०७८/७९ को बजेटमा आमसञ्चार प्राधिकरणका लागि पनि बजेट विनियोजन गरिएको छ ।

लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठान स्थापना गरी सूचना तथा सञ्चार प्रविधिलाई सुशासनसँग आवद्ध गरिने र नेपाल टेलिभिजनको कोहलपुर प्रसारण केन्द्र र दाङस्थित रेडियो नेपालको एफएम रेडियोलाई प्रादेशिक प्रसारण केन्द्रका रूपमा सञ्चालन गर्न प्रकृया अघि बढाइने उल्लेख गरिएको थियो । पछि प्रदेशमा सञ्चार माध्यमहरूको स्थापना र सञ्चालन तथा नियमनका लागि सूचना तथा सञ्चार प्रतिष्ठानको स्थापना र सञ्चालनको लागि आवश्यक रकम विनियोजन गरेको उल्लेख गरिएको थियो ।[१८]

कर्णाली प्रदेशको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा, आर्थिक वर्ष २०७६/७७ र आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा आमसञ्चार माध्यमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश आमसञ्चार प्रतिष्ठान गठन गरिने उल्लेख गरिएको छ ।

## २.७ मिडियासँग सहकार्य

प्रदेश नं. १, प्रदेश नं. २, बागमती र लुम्बिनी प्रदेशले नीति तथा कार्यक्रम र बजेटमा मिडियासँग सहकार्य गरेर अघि बढ्ने कार्यक्रमहरू राखेको पाइन्छ । प्रदेश नं. १ ले प्रदेशमा सञ्चालित सामुदायिक रेडियोसँगको सहकार्यमा नागरिकसँग प्रत्यक्ष जोडिने कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम ल्याएको थियो ।[१९] प्रदेश नं. २ ले आमसञ्चार क्षेत्रलाई व्यापक र प्रभावकारी बनाउन अपेक्षित सहयोग र सहकार्यको कुरा गरेको थियो ।[२०]

बागमती प्रदेशले सञ्चार माध्यमसँगको सहयोग एवं

१४ नेपाल पत्रकार महासंघद्वारा २०७८ साल असार ७ गते जारी प्रेस विज्ञप्ति ।

१५ बिडारी, सुवास । आमसञ्चार गृह सञ्चालनको बजेट फिर्ता लिन सांसदको माग । https://ekantipur.com/pradesh-3/2021/07/03/162530019395178996.html

१६ आमसञ्चार गृह सञ्चालन गर्ने निर्णय फिर्ता नभए आन्दोलन । https://www.radiomakawanpur.com/news/192

१७ बागमती प्रदेश सरकारको विनियोजन विधेयक बहुमतले पारित । https://gorkhapatraonline.com/economics/2021-07-12-41775

१८ लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७७/७८ को बजेट ।

१९ प्रदेश नं. १ को आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम ।

२० प्रदेश नं. २ आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम ।

सहकार्यमा सञ्चालित जनतासामु प्रदेश सरकार कार्यक्रमलाई निरन्तरता दिन चाहेको पाइन्छ ।[२१] यसैगरी लुम्बिनी प्रदेशले २०७५/७६ को नीति तथा कार्यक्रममा र आर्थिक वर्ष २०७६/७७ को बजेटमा प्रदेशसँगको सहकार्यको प्रस्ताव गरेको थियो । टेलिभिजन तथा रेडियो कार्यक्रम सञ्चालन गर्न २ करोड रूपैयाँ विनियोजन गरेको थियो ।[२२] यसैगरी प्रदेशस्तरका पत्रकारसम्बद्ध संस्थाहरूको सुदृढीकरणमा जोड दिनुका साथै सञ्चार क्षेत्रसँगको सहकार्य र क्षमता विकास समेतका कार्यको लागि ४ करोड रूपैयाँ विनियोजन गरेको थियो । लुम्बिनी प्रदेशले आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ को नीति तथा कार्यक्रम र बजेटमा मिडियासँगको सहकार्यलाई जोड दिएको पाइन्छ ।

## २.८ जनतासँग मुख्यमन्त्री कार्यक्रम

प्रदेश सरकारहरूले सरकारका नीति तथा कार्यक्रम र गतिविधिहरूलाई जनताबीच पुऱ्याउनका लागि आमसञ्चार माध्यमहरूमा विशेष कार्यक्रम चलाएको पाइन्छ । त्यसका लागि बजेट विनियोजन गरी टेलिभिजन र रेडियोमा कार्यक्रम प्रसारण गर्ने गरेको पाइन्छ ।

प्रदेश नं. १ को आर्थिक वर्ष २०७६/७७ मा सुरू गरी आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र २०७८/७९ को नीति तथा कार्यक्रममा पनि निरन्तरता दिएको पाइन्छ । प्रदेश नं. २ को आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम र बजेटमा जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालनका लागि १२ लाख रूपैयाँ विनियोजन गरिएको थियो । त्यसलाई २०७७/७८ को बजेटमा पनि निरन्तरता दिएको पाइन्छ ।

बागमती प्रदेशले पनि आर्थिक वर्ष २०७६/७७ मा नागरिक सरोकारप्रति प्रदेश सरकारलाई थप जवाफदेही बनाउन जनता मुख्यमन्त्री संवाद कार्यक्रमलाई अघि बढाउने उल्लेख गरेको पाइन्छ । गण्डकी प्रदेशमा आर्थिक वर्ष २०७७/७८ मा जनतासँग मुख्यमन्त्री कार्यक्रमलाई थप प्रभावकारी बनाइने र प्रदेश नं. ६ मा आर्थिक वर्ष २०७७/७८ मा जनतासँग प्रदेश कार्यक्रम प्रदेशभर प्रसारण गरिने उल्लेख गरिएको थियो ।

## २.९ नियमन तथा व्यवस्थापनमा ध्यान

प्रदेशहरूले प्रदेशभित्रका मिडियाहरूको नियमन र व्यवस्थापनलाई पनि प्राथमिकता दिँदै आएका छन् । प्रदेश नं. १ को आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा, बागमती प्रदेशको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा र २०७८/७९ को नीति तथा कार्यक्रममा नियमन र व्यवस्थापनको कुरा गरेको पाइन्छ । त्यसका लागि बागमती प्रदेशले सञ्चार रजिष्ट्रारको कार्यालय पनि स्थापना गरेको छ ।

यस्तै गण्डकी प्रदेशको आर्थिक वर्ष २०७५/७६ को बजेटमा र आर्थिक वर्ष २०७६/७७ को बजेटमा प्रदेशभित्र सञ्चारमाध्यमलाई नियमन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको घोषणा गरिएको उल्लेख छ ।

लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा, २०७७/७८ को बजेटमा र २०७८/७९ को नीति तथा कार्यक्रममा सञ्चार माध्यमको नियमन र व्यवस्थापनको कुरा गरिएको छ । त्यसका लागि पहिले प्रदेश सूचना तथा सञ्चार प्रतिष्ठान स्थापना गर्ने भनिएपनि आर्थिक वर्ष २०७८/७९ को बजेटमा सञ्चार रजिस्ट्रारको कार्यालय स्थापना र सञ्चालनको लागि आवश्यक रकम विनियोजन गरेको उल्लेख छ । कर्णाली प्रदेशको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा सञ्चार माध्यमको नियमनको विषय उल्लेख गरिएको छ ।

## २.१० दर्ता, नवीकरण तथा अभिलेखीकरण

कुन प्रदेशमा कति मिडिया छन् भन्ने कुराको पहिचान गर्न आवश्यक छ । नीति तथा कार्यक्रम तयार पार्दादेखि कार्यान्वयनका लागि पनि एकीकृत तथ्यांक जरूरी हुन्छ । प्रदेश नं. १, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा नीति तथा कार्यक्रममा दर्ता, नवीकरण, अभिलेखीकरणलाई जोड दिएको पाइन्छ ।

प्रदेश नं. १ ले प्रदेशस्तरबाटै रेडियो, एफएम, टेलिभिजन (स्याटलाइटबाहेक) का सञ्चार माध्यमहरू (१०० वाटदेखि १००० वाट क्षमता) को दर्ता, नवीकरण, अभिलेखीकरणको कार्यहरू सञ्चालन गर्ने उल्लेख गरेको थियो ।[२३] बजेटमा प्रदेशमा दर्ता हुने सञ्चार माध्यमहरूको दर्ता र नवीकरण छुट दिने घोषणा पनि गरिएको थियो ।[२४]

बागमती प्रदेशको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम तथा बजेटमा प्रदेश सञ्चार रजिष्ट्रारमार्फत प्रदेशमा सञ्चालन हुने रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइनको दर्ता, नवीकरण साथै अभिलेखीकरण गर्ने

२१ बागमती प्रदेशको आर्थिक वर्ष २०७७/७८ को बजेट ।
२२ लुम्बिनी प्रदेशको ५ आर्थिक वर्ष २०७६/७७को बजेट ।
२३ प्रदेश नं. १ को आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम ।
२४ प्रदेश नं. १ को आर्थिक वर्ष २०७७/७८ को बजेट ।

उल्लेख गरिएको थियो । आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा रेडियो, टिभी र अनलाइनको दर्ता र नवीकरण गर्न प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । बागमती प्रदेशमा सञ्चार रजिष्ट्रारको व्यवस्था गरी रेडियो र टिभीको दर्ता प्रकृया अघि बढाइएको छ भने प्रदेश नं. २ मा आमसञ्चार प्राधिकरण गठन गरी काम गर्न सुरू गरिएको छ ।

गण्डकी प्रदेशको आर्थिक वर्ष २०७५/७६ को बजेटमा प्रदेशभित्र सञ्चालनमा रहेका सञ्चार माध्यमलाई दर्ता, अभिलेख, अनुमति र नवीकरणसम्बन्धी नीति तर्जुमा गर्ने उल्लेख गरिएको थियो । त्यसैगरी आर्थिक वर्ष २०७६/७७ को बजेटमा प्रदेशभित्र सञ्चालनमा रहेका सञ्चार माध्यमलाई दर्ता, अभिलेख, अनुमति र नवीकरण गर्ने नीति तर्जुमा गर्न बजेटको व्यवस्था मिलाएको जानकारी गराइएको थियो । गण्डकी प्रदेशको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा सञ्चार माध्यमको दर्ता, इजाजत र नवीकरणको कानुन निर्माण गरी कार्यान्वयन गरिने प्रतिबद्धता गरिएको पाइन्छ ।

लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा सञ्चार माध्यमहरूको दर्ता, नवीकरण, अभिलेखीकरण गर्न प्रेस रजिष्ट्रारको कार्यालय स्थापना गरी सञ्चालन गर्ने उल्लेख छ भने त्यसैअनुसार बजेट पनि विनियोजन गरिएको छ ।

## २.११ न्यूनतम पारिश्रमिकको कार्यान्वयन र अनुगमन

प्रदेश नं. १ ले सुरूदेखि नै न्यूनतम पारिश्रमिकको कार्यान्वयन र अनुगमन जोड दिँदै आएको पाइन्छ । प्रदेश नं. १ ले आर्थिक वर्ष २०७५/७६, आर्थिक वर्ष २०७६/७७, आर्थिक वर्ष २०७७/७८ र आर्थिक वर्ष २०७८/७९ मा न्यूनतम पारिश्रमिकको कार्यान्वयन र अनुगमन गर्ने प्रतिबद्धता व्यक्त गरेको पाइन्छ ।

गण्डकी प्रदेशको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा र लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा सञ्चारकर्मीहरूकको न्युनतम पारिश्रमिकसम्बन्धी कुरा गरिएको थियो । लुम्बिनी प्रदेशले न्युनतम पारिश्रमिकको मापदण्ड लागु गर्ने सञ्चार माध्यमलाई सरकारी सूचना र विज्ञापन उपलब्ध गराउने नीति लिएको पाइन्छ ।

## २.१२ प्रेस काउन्सिल गठनको अवधारणा

सातवटा प्रदेशमध्ये प्रदेश नं. १, प्रदेश नं. २ र सुदूरपश्चिम प्रदेशले मिडिया काउन्सिल गठनलाई प्राथमिकता दिएको पाइन्छ । प्रदेश नं. १ ले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेटमा प्रेस काउन्सिलको गठन प्रक्रिया अगाडि बढाउने उल्लेख गरेको थियो । प्रदेश नं. २ ले आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा प्रदेश प्रेस काउन्सिल गठन गरी प्रदेशभित्र रहेका सञ्चार माध्यमको विकासमा सहयोग गर्ने नीति लिएको थियो ।

सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा प्रदेशमा प्रेस काउन्सिल ल्याउने प्रतिबद्धता व्यक्त गरिएको छ । प्रदेश नं. २ मा २०७८ सालमा मिडिया काउन्सिल गठन गरिएको छ । अरू प्रदेशमा प्रेस काउन्सिल गठन भएको पाइदैन ।

## २.१३ सञ्चार माध्यमको वर्गीकरण योजना

सञ्चार माध्यमहरूको स्तर निर्धारण र सरकारले उपलब्ध गराउने सुविधाका लागि वर्गीकरण गर्ने चलन छ । प्रदेश नं. १ को आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा प्रदेश तहबाटै सबै सञ्चार मध्यमको वर्गीकरण गर्ने संरचना विकास गरिने र आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा सञ्चार माध्यमको वर्गीकरण गरिने उल्लेख थियो । बजेट बक्तव्यमा बजेट विनियोजन गरिएको जानकारी गराइएको थियो । अरू प्रदेशमा भने यसबारे नीति तथा कार्यक्रम र बजेटमा उल्लेख गरेको पाइदैन ।

## २.१४ लोककल्याणकारी विज्ञापनको नीति

प्रदेश नं. १ को आर्थिक वर्ष २०७६/७७ को बजेटमा लोककल्याणकारी विज्ञापन व्यवस्थापनका लागि बजेट व्यवस्थापन गरेको घोषणा गरिएको थियो ।

प्रदेश नं. २ को आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा प्रदेश सरकार एवं मातहतका निकायहरूको लोककल्याणकारी सूचनाहरूलाई एकद्वार प्रणालीमार्फत व्यवस्थित गरिने उल्लेख गरिएको थियो । त्यस अतिरिक्त लोककल्याणकारी विज्ञापन प्रादेशिक सञ्चार माध्यमहरूबाट समेत प्रकाशित र प्रसारित गरिनेछ भनिएको थियो । सोही

वर्षको बजेटमा आम नागरिकको सुसुचित हुने अधिकारको सुनिश्चितातालाई टेवा पुर्‍याइ सूचनाको हकको प्रत्याभूति गराउन लोककल्याणकारी विज्ञापन कार्यक्रममा २ करोड रूपैयाँ विनियोजन गरिएको थियो ।

गण्डकी  प्रदेशले तीन वर्षदेखि लोककल्याणकारी विज्ञापनसम्बन्धी नीतिलाई निरन्तरता दिँदै आएको पाइन्छ । गण्डकी प्रदेशको आर्थिक वर्ष २०७७/७८ को बजेटमा प्रदेशभित्रका सञ्चारगृहबाट  लोककल्याणकारी विज्ञापन प्रकाशन तथा  प्रसारण गर्ने कार्यक्रमको सुरूवात गरेको उल्लेख गरिएको थियो । आर्थिक वर्ष २०७८/७९ मा आमसञ्चार माध्यमहरूलाई लोककल्याणकारी विज्ञापनमार्फत व्यावसायिक बनाउन प्रोत्साहन गरिने र आर्थिक वर्ष २०७८/७९ को बजेटमा प्रदेशभित्रका  सञ्चारगृहबाट लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने कार्यक्रमलाई निरन्तरता दिएको जानकारी गराइएको थियो ।

लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७५/७६ को आर्थिक वर्षको बजेटमा लोककल्याणकारी सूचना प्रवाहका व्यवस्था मिलाइने उल्लेख गरिएको थियो ।

त्यस्तै कर्णाली प्रदेशको आर्थिक वर्ष २०७८/७९ मा सञ्चार माध्यमहरूलाई लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण गर्न आवश्यक प्रबन्ध मिलाइने उल्लेख थियो । बजेटमा लोककल्याणकारी सूचना र विज्ञापन प्रदेशभित्रका रेडियो तथा अन्य सञ्चार माध्यमहरूमार्फत प्रदेशभर प्रसारण गर्ने व्यवस्था मिलाइने भनिएको थियो ।

सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७८÷७९ को बजेटमा लोककल्याणकारी विज्ञापन तथा अनुदान कार्यविधि थप परिमार्जन गरी लागु गरिने प्रतिबद्धता गरेको पाइन्छ ।

## २.१५ समानुपातिक विज्ञापनको व्यवस्था

स्तर, पहुँच, प्रभाव लगायतका आधारमा सबैले विज्ञापन पाउन सहज होस् भनेर समानुपातिक विज्ञापनको अवधारणा अघि सारेको पाइन्छ । प्रदेश नं. १ र कर्णाली प्रदेशले प्रदेशभित्र समानुपातिक विज्ञापनलाई जोड दिएका छन् ।

प्रदेश नं. १ को आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा स्थानीय सञ्चार माध्यमको प्रवर्द्धनका लागि प्रदेशभित्रका सबै सरकारी विज्ञापनमा समानुपातिक विज्ञापन नीति लागु गर्दै स्थानीय विज्ञापन स्थानीय सञ्चार माध्यमलाई उपलब्ध गराइ प्रकाशन गर्ने वातावरण मिलाइने उल्लेख थियो ।

त्यसैगरी कर्णाली प्रदेशको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा सञ्चार माध्यमहरूलाई लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण गर्न आवश्यक प्रबन्ध मिलाइने प्रतिबद्धता गरिएको छ । अरू प्रदेशको नीति तथा कार्यक्रममा यसबारे उल्लेख गरेको पाइदैन ।

## २.१६ पत्रकारलाई सम्मान कार्यक्रम

प्रदेश नं. १, २, लुम्बिनी र कर्णाली प्रदेश पत्रकारलाई सम्मानका साथै पुरस्कृत गर्न अग्रसर भएको पाइन्छ । प्रदेश नं. १ को आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा पत्रकारितामा लामो समयसम्म योगदान गर्ने अग्रज पत्रकार हरूलाई सम्मान गर्ने नीति लिइने उल्लेख थियो । आर्थिक वर्ष २०७६/७७ र २०७७/७८  को नीति तथा कार्यक्रममा उत्कृष्ट योगदान पुर्‍याएका भन्ने थप गरिएको थियो ।

प्रदेश नं. २ को आर्थिक वर्ष २०७६/७७ को बजेटमा आमसञ्चार माध्यमलाई सम्मान गर्दै सञ्चारकर्मीको उत्प्रेरणाको लागि बजेट विनियोजन गरेको उल्लेख गरिएको थियो । त्यस्तै लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७७/७८ को र आर्थिक वर्ष २०७८/७९ को बजेटमा प्रदेशभित्र कार्यरत उत्कृष्ट सञ्चार माध्यम र सञ्चारकर्मीलाई सम्मान गर्ने व्यवस्थाका लागि आवश्यक रकम व्यवस्था गरेको उल्लेख छ ।

कर्णाली प्रदेशको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा समाज परिवर्तनका लागि उल्लेख्य योगदान गरेका पत्रकारलाई प्रोत्साहन गर्न कार्यविधि बनाई प्रेस स्वतन्त्रता दिवसको अवसरमा पुरस्कार तथा सम्मान पत्र प्रदान गरिने घोषणा गरिएको थियो ।

## २.१७ पत्रकार सहायता कोषको स्थापना

प्रदेशमा कार्यरत पत्रकारलाई समस्या पर्दा सहयोग गर्नका लागि पत्रकार सहायता कोष स्थापनामा पनि प्रदेशहरूले प्राथमिकता दिएको पाइन्छ । प्रदेश नं. १ ले आर्थिक वर्ष २०७५/७६ को बजेटमा, आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा, आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा उपचार तथा सुरक्षाका लागि पत्रकार सुरक्षा कोषलाई निरन्तरता दिइने उल्लेख छ ।

बागमती प्रदेशको आर्थिक वर्ष २०७७/७८ को नीति तथा

कार्यक्रममा, लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७८/७९ को बजेटमा, कर्णाली प्रदेशको आर्थिक वर्ष २०७८/७९ को बजेटमा र सुदुरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७८/७९ को बजेटमा पत्रकार कल्याण कोषको कुरा उल्लेख गरिएको छ । सुदूरपश्चिम प्रदेशले उपचार सहायतासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न ४० लाख रूपैयाँ विनियोजन गरेको छ ।[२५]

## २.१८ पत्रकार सुरक्षा कोषको व्यवस्था

पत्रकारको सुरक्षालाई मूलतः पेशागत, भौतिक र स्वास्थ्य सुरक्षा लगायतका रूपमा हेर्ने गरेको पाइन्छ । प्रदेश नं. १ को आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम र बजेटमा, आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम र बजेटमा श्रमजीवी पत्रकारहरूको उपचार तथा सुरक्षाका लागि पत्रकार सुरक्षा कोषलाई निरन्तरता दिइएको उल्लेख छ ।

प्रदेश नं. २ को आर्थिक वर्ष २०७८/७९ मा पत्रकारहरूलाई प्रोत्साहत गर्न महिला पत्रकारहरूको लागि विशेष सुरक्षा कार्यक्रम सञ्चालन गरिने घोषणा गरिएको छ भने बागमती प्रदेशको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा महिला सञ्चारकर्मीहरूका लागि पेशागत सुरक्षासम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ । कर्णाली प्रदेशको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा श्रमजीवी पत्रकारको स्वास्थ्य र सुरक्षाको विषय उल्लेख छ । त्यसैगरी बजेटमा सञ्चारकर्मीको स्वास्थ्य र सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइएको पनि उल्लेख गरिएको छ ।

## २.१९ बिमा कार्यक्रम सञ्चालन

कर्णाली प्रदेशको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा आमसञ्चारको क्षेत्रमा आवद्ध पत्रकारहरूको स्वास्थ्य संवेदनशीलतालाई मध्यनगर गर्दै पत्रकार स्वास्थ्य बिमा कार्यक्रम लागु गरिने उल्लेख गरिएको थियो । आर्थिक वर्ष २०७७/७८ को बजेटमा पत्रकार बिमाबारे कुरा गरियो भने २०७८/७९ को नीति तथा कार्यक्रम र बजेटमा पत्रकारको स्वास्थ्य बिमालाई निरन्तरता दिइएको छ । सुदूरपश्चिम प्रदेशले आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम र बजेटमा आगामी आर्थिक वर्षको लागि ५ लाख रूपैयाँसम्मको दुर्घटना बिमा गरिने उल्लेख गरिएको छ ।

२५ सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७८/७९ को बजेट ।

## २.२० पत्रकारिता वृत्ति विकासमा जोड

पत्रकारलाई काम गर्न प्रोत्साहन र नयाँ पीढीँलाई पत्रकारिता क्षेत्रमा प्रवेशका लागि सहज वातावरण तयार पार्न प्रदेश नं. १, २ र ६ ले पत्रकार वृत्ति र छात्रवृत्तिलाई जोड दिएको पाइन्छ । प्रदेश नं. १ को आर्थिक वर्ष २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रम र बजेटमा पत्रकारिता विषय पढ्न चाहने महिला, दलित, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने कार्यको थालनी गर्ने उल्लेख गरिएको थियो ।

प्रदेश नं. २ को आर्थिक वर्ष २०७८/७९ मा पत्रकारहरूलाई प्रोत्साहन गर्न पत्रकार वृत्ति कार्यक्रम, मधेश पत्रकारिता पुरस्कार, पत्रकार अध्ययन छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । कर्णाली प्रदेशको आर्थिक वर्ष २०७६/७७ मा व्यवसायिक पत्रकारिताका लागि कर्णाली प्रदेशमा क्रियाशील पत्रकारहरूलाई पत्रकारिता विषयमा स्नातकोत्तरतह अध्ययनको लागि छात्रवृत्ति प्रदान गरिने उल्लेख गरिएको थियो । आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ को नीति तथा कार्यक्रम र बजेटमा पनि छात्रवृति कार्यक्रमलाई निरन्तरता दिएको पाइन्छ ।

## २.२१ प्रेस रजिष्ट्रारको व्यवस्था

बागमती प्रदेशले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा प्रेस स्वतन्त्रताको सम्मान गर्दै प्रदेशभित्र क्रियाशील सञ्चार माध्यमलाई मर्यादित, जिम्मेवार र उत्तरदायी बनाउन प्रेस रजिष्ट्रारको कार्यालय स्थापना गरी सञ्चालनमा ल्याइने उल्लेख गरेको थियो । त्यसैअनुसार कार्यन्वयनमा पनि ल्याएको छ ।

## २.२२ मिडिया मर्जरको नीति

बागमती प्रदेशले आर्थिक वर्ष २०७७/७८ मा मर्जरमा जान चाहने सञ्चार माध्यमलाई प्रोत्साहन गर्ने नीति लिइने उल्लेख गरेको छ ।

## २.२३ सूचना तथा सञ्चार निर्देशनालय

प्रदेश नं. १ को आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा मिडियासँग समन्वय तथा सहजीकरणको

भूमिका निर्वाह गर्न छुट्टै सूचना तथा सञ्चार निर्देशनालय गठनको अवधारणा ल्याएको पाइन्छ । यस्तै समन्वय र सहजीकरणका निम्ति सूचना तथा सञ्चार निर्देशनालय गठनका लागि आवश्यक बजेट विनियोजन गरेको पनि उल्लेख गरेको थियो ।

# ३. आमसञ्चार र पत्रकारिता क्षेत्रका प्राथमिकता निर्धारण

## ३.१ प्रदेश नं. १

प्रदेश नं. १ ले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा पत्रकारिताको भूमिका, पत्रकारितासम्बन्धी कानुन निर्माण, प्रेस काउन्सिल गठन, समानुपातिक विज्ञापन लागु, न्युनतम पारिश्रमिक कार्यान्वयनको अनुगमन, पत्रकार महासंघको संस्थागत सुधार तथा श्रमजीवी पत्रकारको क्षमता अभिवृद्धिलाई प्राथमिकता दिएको पाइन्छ । त्यसैगरी अग्रज पत्रकारको सम्मान र आमसञ्चार प्रशिक्षण प्रतिष्ठान निर्णाण पनि प्राथमिकतामा परेका थिए । बजेटमा पत्रकार सहायता कोषको स्थापना र आमसञ्चार प्रशिक्षण प्रतिष्ठानलाई आवश्यक कानुन बनाउने कुरामा जोड दिएको पाइन्छ ।

आर्थिक वर्ष २०७६/७७ मा पत्रकारिता क्षेत्रको संस्थागत विकास र पत्रकारहरूको क्षमता अभिवृद्धिलाई दोहोऱ्याएको पाइन्छ । कानुन निर्माणलाई पुनः उल्लेख गर्दै आमसञ्चार सम्बन्धी एकीकृत कानुन प्रदेश सभामा पेश गर्ने कुरालाई जोड दिइएको थियो । आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको ठाउँमा प्रादेशिक प्रेस इन्स्टिच्युटको अवधारणा ल्याइएको थियो । जनतासँग सरकारलाई जोड्न जनतासँग मुख्यमन्त्री, लामो समयसम्म पत्रकारिता गरेकालाई पुरस्कृत गर्ने व्यवस्था ल्याएको पाइन्छ । यसअघिको नीति तथा कार्यक्रममा पत्रकार सम्मान गर्ने भनिएको थियो । पत्रकारिता पढ्न चाहने महिला, दलित, अल्पसंख्यक र सीमान्तकृत समुदायका विद्यार्थीलाई छात्रवृति कार्यक्रम ल्याएको थियो । सञ्चार माध्यमको वर्गीकरण, विज्ञापन व्यवस्थापन, पत्रकार सुरक्षा कोषलाई दोहोऱ्याएको पाइन्छ । बजेटमा कार्यक्रमहरूका लागि बजेट विनियोजन गरेको भनी उल्लेख गरिएको छ ।

आर्थिक वर्ष २०७७/७८ मा कानुन निर्माणलाई जोड दिइएको छैन । आमसञ्चार क्षेत्रको विकास, क्षमता अभिवृद्धि, पत्रकार सुरक्षा कोष, सञ्चार माध्यमहरूको दर्ता, नवीकरण, अभिलेखीकरण र नियमनलाई पुनः उल्लेख गरिएको पाइन्छ । प्रदेशमा दर्ता हुने सञ्चार माध्यमहरूको दर्ता र नवीकरणमा छुट दिने व्यवस्था बजेटमा गरिएको छ भने जनतासँग मुख्यमन्त्री कार्यक्रमलाई निरन्तरता दिएको पाइन्छ ।

आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा पनि अधिकांश पुरानै कार्यक्रमलाई निरन्तरता दिएको पाइन्छ जसमा पत्रकारको क्षमता अभिवृद्धि, न्युनतम पारिश्रमिक अनुगमन, पत्रकार सुरक्षा कोष, जनतासँग मुख्यमन्त्रीलगायतका छन् ।

## ३.२ प्रदेश नं. २

प्रदेश नं. २ ले रेडियो स्थापनालाई सबैभन्दा पहिले जोड दिएको पाइन्छ । प्रदेश नं. २ को आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा जनतामा चेतनामुलक कार्य तथा स्तरीय समाचार प्रवाहका लागि प्रदेशिक रेडियो स्थापना गर्ने उल्लेख गरिएको थियो । त्यसपछि पत्रकारिता अध्ययन प्रतिष्ठानलाई प्राथमिकतामा राखेको पाइन्छ । आर्थिक वर्ष २०७६/७७ मा अघिल्लो वर्षभन्दा फरक कार्यक्रम ल्याएको पाइन्छ जसमा प्रेस काउन्सिल गठन, मिडिया सशक्तिकरण र सञ्चारकर्मीको क्षमता अभिवृद्धि, जनतासँग मुख्यमन्त्री कार्यक्रम थिए । रेडियो स्थापना र जनतासँग मुख्यमन्त्री कार्यक्रमका लागि बजेट नै विनियोजन गरिएको थियो ।

आर्थिक वर्ष २०७७/७८ मा मात्रै प्रदेश नं. २ ले आमसञ्चार क्षेत्रको नीतिगत व्यवस्था र आमसञ्चार क्षेत्रसँग सहयोग र सहकार्यका कार्यक्रम राखेको पाइन्छ । आर्थिक वर्ष २०७८/७९ मा विज्ञापन, सञ्चार माध्यमहरूको अभिलेखीकरण, लोककल्याणकारी विज्ञापनको एकद्वार प्रणाली, पत्रकार वृत्ति कार्यक्रम, मधेश पत्रकारिता पुरस्कार लगायतलाई जोड दिएको पाइन्छ । पत्रकारको क्षमता अभिवृद्धि तथा रेडियोको स्थापनालाई निरन्तरता दिएको देखिन्छ । मिडिया काउन्सिल, आमसञ्चार प्राधिकरण, लोककल्याणकारी विज्ञापनका लागि बजेट विनियोजन गरेको पाइन्छ ।

## ३.३ बागमती प्रदेश

बागमती प्रदेशको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा पत्रकारिताको भूमिका र प्रेस रजिष्ट्रार कार्यालय स्थापनालाई प्राथमिकता दिइएको थियो । बजेटमा पत्रकारिताको क्षमता विकास र पत्रकार प्रतिष्ठान स्थापनाका लागि सम्बन्धित मन्त्रालयमार्फत सहयोगको प्रबन्ध मिलाइएको उल्लेख थियो । आर्थिक वर्ष २०७६/७७

मा जनतासँग मुख्यमन्त्री, आमसञ्चार माध्यमहरूको दर्ता, नवीकरण, अभिलेखीकरण, नियमन र व्यवस्थापन, सञ्चार क्षेत्रको विस्तार र सुदृढीकरणका लागि नीतिमा जोड दिएको पाइन्छ । यस्तै सञ्चारकर्मीको क्षमता वृद्धि, पेशागत हकहित र महिला पत्रकारको सुरक्षा सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको थियो ।

आर्थिक वर्ष २०७७/७८ मा सूचना प्रवाह गर्न प्रदेश अनुसन्धान ब्यूरो, आमसञ्चार केन्द्र स्थापना, सञ्चार माध्यमलाई प्रोत्साहन गर्ने नीति, पत्रकार कल्याण कोष, तामाङ र नेपाल भाषामा पत्रकारिता प्रवर्द्धन गर्न चाहने सञ्चार माध्यमलाई प्रोत्साहनको नीति लिएको पाइन्छ । मर्जरमा जान चाहने मिडियालाई प्रोत्साहन गर्ने, प्रदेश सरकारको सञ्चार गृह स्थापना गरी अनलाइन, रेडियो, टेलिभिजन र छापाखाना स्थापनाको लागि आवश्यक व्यवस्था मिलाउने उल्लेख गरिएको थियो । यसमा आमसञ्चार माध्यमको नवीकरण र महिला पत्रकारको सुरक्षासम्बन्धी अघिल्लो वर्षको कार्यक्रमलाई निरन्तरता दिएको पाइन्छ ।

आर्थिक वर्ष २०७८/८९ मा आइपुग्दा बागमती प्रदेशभित्र सञ्चालनमा रहेका विद्युतीय सञ्चार माध्यमलाई प्रदेशमै दर्ता, इजाजत तथा नवीकरण गर्न प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन र बजेटमा प्रदेश सरकारको स्वायत्त संस्थाको रूपमा रहने गरी आमसञ्चार गृह स्थापना र सञ्चालन गर्न १० करोड रूपैयाँ विनियोजन गरेको पाइन्छ ।

## ३.४ गण्डकी प्रदेश

गण्डकी प्रदेशले आर्थिक वर्ष २०७५/७६ मा नै प्रदेशको रेडियो र टेलिभिजन स्थापनाकाका लागि जोड दिएको पाइन्छ । त्यसैगरी पत्रकारको क्षमता अभिवृद्धि, सूचना प्रवाहमा प्रदेशबाट प्रकाशन तथा प्रसारण हुने सञ्चार माध्यमलाई प्राथमिकता दिएको देखिन्छ । बजेटमा प्रदेशभित्र सञ्चालनमा रहेका सञ्चार माध्यमलाई दर्ता, अभिलेख, अनुमति, नवीकरण र नियमन गर्न आवश्यक नीति तर्जुमा गर्ने कुरालाई उल्लेख गरिएको थियो । आर्थिक वर्ष २०७६/७७ मा आमसञ्चार क्षेत्रलाई मर्यादित र व्यवसायिक बनाउन कानुन बनाउने, न्यनूतम पारिश्रमिक लागु गराउन पहल गर्ने, सञ्चारकर्मीको क्षमता विकासमा जोड दिएको पाइन्छ । आर्थिक वर्ष २०७७/७८ मा पत्रकारको क्षमता वृद्धि कार्यक्रमलाई निरन्तरता दिएको पाइन्छ भने जनतासँग मुख्यमन्त्री कार्यक्रमलाई थप प्रभावकारी बनाइने उल्लेख गरिएको थियो । बजेटमा लोककल्याणकारी विज्ञापनको प्रकाशन तथा प्रसारण सुरू गरेको उल्लेख छ ।

## ३.५ लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेशले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा सञ्चार प्रतिष्ठानको स्थापना तथा नेपाल टेलिभिजनको कोहलपुर प्रसारण र रेडियो नेपालको दाङमा रहेको एफएम रेडियोलाई प्रदेश सरकार अन्तर्गत ल्याउने कार्यलाई प्राथमिकता दिएको पाइन्छ । त्यसैगरी सञ्चार माध्यमसँगको सहकार्य र सञ्चारमैत्री सरकारको अवधारणा कार्यान्वयनलाई पनि प्राथमिकता दिएको पाइन्छ । बजेटमा टेलिभिजन र एफएमलाई प्रदेश मातहतमा ल्याएर सञ्चालनका लागि २ करोड रूपैयाँ विनियोजन गरिएको थियो ।

आर्थिक वर्ष २०७६/७७ मा सञ्चारमाध्यम सम्बन्धी कानुन तर्जुमा, सञ्चारकर्मीको क्षमता विकास, न्युनतम पारिश्रमिक लागु गर्ने सञ्चार माध्यमलाई प्रोत्साहनलाई प्राथमिकता दिएको पाइन्छ भने प्रदेश सूचना प्रतिष्ठान गठनलाई निरन्तरता दिँदै प्रदेशमा रहेका आमसञ्चार माध्यमलाई नियमन गर्ने कुरालाई पनि समावेश गरेको पाइन्छ । बजेटमा प्रदेशसँगको सहकार्यमा टेलिभिजन र रेडियो कार्यक्रम सञ्चालन गर्न २ करोड रूपैयाँ विनियोजन गरिएको थियो भने सञ्चार क्षेत्रसँगको सहकार्य र क्षमता विकासका लागि ४ करोड रूपैयाँ विनियोजन गरिएको थियो ।

२०७७/७८ को नीति तथा कार्यक्रममा पत्रकारको क्षमता अभिवृद्धि, मिडियासँगको सहकार्य र २०७५/७६ को विकासमैत्री सञ्चार र सञ्चारमैत्री सरकारको अवधारणालाई निरन्तरता दिइएको छ । बजेटमा सूचना तथा सञ्चार प्रतिष्ठानका लागि र प्रदेशसँगको सहकार्यमा टेलिभिजन र रेडियो कार्यक्रमलाई २ करोड रूपैयाँ राखिएको थियो । सञ्चार क्षेत्रसँगको सहकार्य र क्षमता विकासका लागि ४ करोड रूपैयाँ विनियोजन गरिएको पाइन्छ । त्यसैगरी सञ्चार संस्था र पत्रकारलाई सम्मान गर्ने पनि उल्लेख गरिएको थियो ।

आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा सञ्चार माध्यमको दर्ता, नवीकरण, अभिलेखीकरण, नियमन र व्यवस्थापनका लागि प्रेस रजिष्«रको कार्यालय स्थापना गरी सञ्चालन गर्ने कार्यक्रमलाई प्राथमिकता दिइएको छ । सञ्चारकर्मीको क्षमता अभिवृद्धि, सञ्चार माध्यमसँगको सहकार्य, सञ्चारमैत्री अवधारणा लगायत अघिल्लो वर्षको नीतिलाई निरन्तरता दिएको पाइन्छ । सञ्चार संस्था स्थापना र पत्रकारलाई सम्मान गर्ने कार्यक्रमलाई पनि निरन्तरता दिइएको छ ।

## ३.६ कर्णाली प्रदेश

कर्णाली प्रदेशले आर्थिक वर्ष २०७४/७५ मा सञ्चार माध्यमको इजाजत, दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमनका साथै प्रदेशिक नीति र कानुनलाई प्राथमिकता दिएको थियो । आर्थिक वर्ष २०७५/७६ मा पत्रकारलाई पुरस्कार एवं सम्मान, पत्रकारको क्षमता अभिवृद्धि, सञ्चार प्रतिष्ठानको स्थापना, पत्रकार स्वास्थ्य बिमा, प्रदेशस्तरका रेडियो, टिभी, अनलाइन र पत्रिका सञ्चालन गरिने उल्लेख गरिएको थियो । सुर्खेतस्थित रेडियो नेपालको क्षेत्रीय प्रसारणलाई पनि प्रदेश अन्तर्गत ल्याउने कार्यलाई प्राथमिकता दिएको पाइन्छ । उल्लेख्य योगदान गरेका पत्रकारमध्ये एक जनालाई १ लाख रूपैयाँको कृष्णसेन इच्छुक पत्रकारिता पुरस्कार प्रदान गर्ने पनि बजेटमा उल्लेख गरिएको थियो ।

आर्थिक वर्ष २०७६/७७ मा सञ्चार प्रतिष्ठान स्थापनालाई पुनः निरन्तरता दिइएको छ भने प्रदेशमा क्रियाशील पत्रकारलाई पत्रकारितामा एमए पढ्न छात्रवृतिलाई प्राथमिकता दिइएको देखिन्छ । आर्थिक वर्ष २०७७/७८ मा पत्रकारको क्षमता अभिवृद्धि र सञ्चार माध्यमको दर्ता, इजाजत, नवीकरण र नियमनलाई प्राथमिकता दिइएको छ । पत्रकार स्वास्थ्य बिमा र छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइएको पाइन्छ । बजेटमा जनतासँग प्रदेश कार्यक्रम र लोककल्याणकारी विज्ञापन प्रसारणको व्यवस्था मिलाइने उल्लेख गरिएको छ ।

आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा आमसञ्चार माध्यमलाई स्वच्छ, मर्यादित र व्यावसायिक बनाउने नीति ल्याउने उल्लेख छ । साथै पत्रकारको क्षमता वृद्धि, पत्रकार बिमा, छात्रवृत्ति कार्यक्रम, आमसञ्चार प्रतिष्ठान गठन, लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण लगायतका कार्यक्रमलाई निरन्तरता दिएको पाइन्छ ।


## ३.७ सुदूरपश्चिम प्रदेश

सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७४/७५ को नीति तथा कार्यक्रममा सञ्चारमैत्री कानुन निर्माण र कार्यक्रमलाई प्राथमिकता दिइएको थियो । आर्थिक वर्ष २०७५/७६ मा आमसञ्चार क्षेत्रको हकअधिकार सुरक्षा र प्रोत्साहनका लागि संस्थागत कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको थियो । बजेटमा सञ्चारमैत्री कानुन निर्माण, पत्रकारिताको प्रवर्धन र क्षमता विकासलाई जोड दिइएको थियो ।

आर्थिक वर्ष २०७६/७७ मा पत्रकारको क्षमता बृद्धि कार्यक्रमका साथै ५ लाख रूपैयाँसम्म दुर्घटना बिमा राखिएको थियो । आर्थिक वर्ष २०७७/७८ मा प्रदेश रेडियो टेलिभिजन स्थापनालाई प्राथमिकतामा राखेको पाइन्छ । त्यसअतिरिक्त आमसञ्चार नीति बनाएर कार्यान्वयनमा जाने प्रतिबद्धता व्यक्त गरिएको थियो । आर्थिक वर्ष २०७८/७९ मा आमसञ्चार नीतिलाई पुनः निरन्तरता दिइएको छ भने प्रेस काउन्सिल र प्रेस रजिष्ट्रारको कार्यलय स्थापनालाई प्राथमिकता दिइएको छ ।

# ४. प्रादेशिक बजेटमा मिडिया विकासका कार्यक्रम

पछिल्लो चार वर्षमा सातवटै प्रदेश सरकारले मिडिया क्षेत्रको विकासका लागि ७७ करोड २ लाख ४१ हजार ८०० रूपैया विनियोजन गरेको पाइन्छ । यो तथ्यांक प्रदेश सरकारको आन्तरिक मामिला तथा कान्न मन्त्रालय र गण्डकी प्रदेशको हकमा कानुन, सञ्चार तथा प्रदेश मामिला मन्त्रालयको वार्षिक कार्यक्रममा मिडिया तथा सञ्चार क्षेत्रलाई छुट्याइएको रकमका आधारमा मात्र विश्लेषण गरिएको हो ।





## ४.१ लुम्बिनीमा धेरै, गण्डकीको कम

प्रदेशहरूमध्ये मिडिया क्षेत्रका लागि लुम्बिनी प्रदेशले चार वर्षमा सबैभन्दा बढी रकम छुट्याएको छ । लुम्बिनीले १६ करोड ९५ लाख रूपैया छुट्याएको छ । त्यसपछि कर्णाली प्रदेशले १६ करोड ६७ लाख रूपैया छुट्याइएको पाइन्छ । सबै भन्दा कम गण्डकी प्रदेशले चार वर्षमा ४ करोड २५ लाख ८ हजार रूपैया मात्रै छुट्याएको छ ।

सबैभन्दा बढी रकम आर्थिक वर्ष २०७८/७९ मा ३४ करोड १९ लाख रूपैयाँ छुट्याइको छ । यो रकम चार वर्षमा विनियोजन गरिएको रकममध्ये ४४ प्रतिशत हो । यस्तै, सबैभन्दा कम आर्थिक वर्ष २०७६/७७ सालमा ९ करोड


४३ लाख रूपैंया छुट्याइएको पाइन्छ जुन चार वर्षमा विनियोजन गरिएमध्येको १२ प्रतिशत हो ।




मिडिया विकास सम्बन्धी रकम विनियोजनको प्रवृतिलाई हेर्दा सुरूको वर्षमा २१ करोड रूपैयाँ छुट्याइको छ भने त्यसपछिका दुई वर्षहरूमा त्यस्तो बजेट आधाभन्दा बढीले घटेको देखिन्छ । तर, आर्थिक वर्ष २०७८/७९ मा भने मिडिया क्षेत्रमा अघिल्लो दुई वर्षको तुलना गर्दा झण्डै तीन गुणाले वृद्धि भएको पाइन्छ । विशेष गरी प्रदेश सरकारहरूले आफैले मिडिया सञ्चालनका लागि विनियोजन गरिएको बजेटमा देखिएको परिवर्तन र निरन्तरताका कारण मिडियासम्बन्धी बजेटमा उतारचढाव आएको देखिन्छ । जस्तै मिडिया स्थापनाका लागि आर्थिक वर्ष २०७५/७६ मा ११ करोड ५५ लाख रूपैया बजेटमा राखिएकोमा त्यसपछिका वर्षमा मात्र एक करोड रकम छुट्याइएको छ भने बागमती प्रदेशले २०७८/७९ मा १० करोड रूपैया बजेट विनियोजन गरेको पाइन्छ ।

## ४.२ प्राथमिकताका क्षेत्र


मिडिया विकासका लागि प्रदेश सरकारले विभिन्न क्षेत्र जस्तै आफ्नै मिडिया स्थापना एवं सञ्चालन, क्षमता अभिवृद्धि, लोककल्याणकारी विज्ञापन, विभिन्न कोषको स्थापना, सञ्चारग्राम वा प्रतिष्ठान स्थापना, प्रदेश तथा जिल्लास्थित पत्रकार महासंघ, टिभी तथा रेडियो कार्यक्रम सञ्चालन लगायतका विषयमा सहयोग गर्ने गरी वार्षिक कार्यक्रममार्फत बजेट दिइएको छ । यसमा सबैभन्दा बढी आफ्नै मिडिया स्थापनाका लागि सबैभन्दा बढी ३० प्रतिशत रकम विनियोजन गरिएको छ भने सबैभन्दा कम पत्रकारको वृत्ति विकासमा ६ प्रतिशत रकम छुट्याइएको देखिन्छ ।





रूपैयाँ रकम छुट्याएको देखिन्छ जसमा नीति निर्माणको कार्य, मिडिया अवस्थाबारे तथ्यांक संकलन, अन्तर्क्रिया कार्यक्रम, अनुगमनका लागि प्राविधिक सामाग्री, पत्रकार हरूको स्वास्थ्य वीमा, समन्वय कार्यालय स्थापना र अन्य अनुदान पर्छन् ।

## ४.३ मिडिया स्थापनाका लागि बजेट

सबै प्रदेश सरकारहरूमा आफैले मिडिया स्थापना गर्नुपर्छ भन्ने मान्यता रहेको स्पष्ट देखिन्छ । प्रदेश सरकारहरूले सुरूदेखि नै आफ्नै मिडिया स्थापनाको आवश्यकतामा जोड दिंदै आएको उनीहरूको वार्षिक कार्यक्रममा देखिन्छ । आर्थिक वर्ष २०७५/७६ मा नै मिडिया स्थापनाका लागि बागमती र सुदूरपश्चिम प्रदेशबाहेक बाँकी ५ वटा प्रदेशले ११ करोड ५५ लाख रूपैया विनियोजन गरेको पाइन्छ । तर, प्रदेश सरकारको यस्तो कदमको व्यापक विरोधका कारण त्यसपछिको एक आर्थिक वर्षमा रकम छुट्याइएको छैन । यस्तै सरकारले मिडिया स्थापना र सञ्चालन गर्न नहुने भन्ने तर्कप्रति मिडिया सरोकारवालाहरूको आवाजकै कारण अहिलेसम्म कुनै प्रदेशमा पनि प्रदेश सरकारले मिडिया स्थापना गर्न सकेको छैन ।




यद्यपी, प्रदेश सरकारहरूले आफैले मिडिया सञ्चालन गर्नुपर्ने आवश्यकता भने महसुस गरेको पाइन्छ । बागमती प्रदेशले आर्थिक वर्ष २०७८/७९ मा मिडिया स्थापनाका लागि १० करोड रूपैयाँ वार्षिक कार्यक्रममै छुट्याएको छ । यस्तै सुदूपश्चिम प्रदेशले आफैले मिडिया स्थापना गर्नेबारे अध्ययन



गर्न २०७७/२०७८ मा ५ लाख रूपैयाँ छुट्याइएको पाइन्छ । प्रदेश नं. २ ले २०७७/२०७८ मा १ करोड ५५ लाख रूपैया रकम छुट्याएको छ ।

अझपनि आफैले मिडिया स्थापना गर्नुपर्छ भन्ने पक्षमा सरकार रहेको देखिन्छ । कर्णाली प्रदेशले आर्थिक वर्ष २०७५/२०७६ मा ८ करोड रूपैंया मिडिया स्थापनाका लागि छुट्याएको थियो । तर, पछिल्ला वर्षमा मिडिया स्थापना प्राथमिकतामा परेको छैन । तैपनि, त्यहाँको सरकार आफ्नै मिडिया स्थापना गर्ने सोचबाट भने पछि हटेको छैन । कर्णाली प्रदेशका आन्तरिक एवं कानूनमन्त्री सिता नेपालीले प्रदेश सरकारले आफ्नै मिडिया हुनुपर्ने आवश्यकता बोध गरेको बताइन् । सरकारले मिडिया सञ्चालन गर्दा केही समस्या नहुने बताउँदै नेपालीले भनिन्, 'सरकार आफैले मिडिया सञ्चालन गर्नेभन्दा पनि त्यसको मातहतले गर्ने हो । सरकारको आधिकारिक धारणा र सत्य तथ्य जानकारीका लागि पनि सरकारी स्तरमा मिडियाको आवश्यकता परेको हो ।[२६]


बागमती प्रदेशमा सरकारले मिडिया स्थापना तथा सञ्चालन गर्ने विषयको बागमती प्रदेश संसदमा पनि विरोध भएको थियो । तर, त्यसलाई सरकारले प्रेस स्थापना गर्ने भनेर बजेट पारित गरियो । त्यसैअनुरूप सरकारले वार्षिक कार्यक्रममा १० करोड रूपैंया छुट्याइएको थियो । तर, अहिलेसम्म पनि मिडिया सञ्चालन गर्ने विषयमा केही काम भने अघि बढेको छैन ।[२७]

यसले के देखाँउछ भने सरकारी पक्षबाट मिडिया स्थापना र सञ्चालन गर्ने गतिविधिबारे प्रदेश सरकारमा नीतिगत रूपमै स्पष्टताको अभाव छ । प्रदेश सरकारले वार्षिक कार्यक्रममा रकम व्यवस्था गर्ने तर कार्यान्वयन गर्न नसक्ने प्रवृत्ति देखिएको छ । यसमा मन्त्रालयमा मिडियासम्बन्धी कार्यक्रम निर्माणका दौरानमा देखिने गृहकार्य र योजनाको कमी रहेको स्पष्ट हुन्छ । तर पछिल्लो आर्थिक वर्ष बागमती प्रदेशले मिडिया स्थापना र सञ्चालनका लागि ठूलो रकम विनियोजन गरेपछि यो सार्वजनिक रूपमा नै थप बहसको विषय बनेको थियो ।


## ४.४ प्रदेशमा कोष तथा सञ्चारग्राम स्थापना

प्रदेश सरकारहरूले मिडिया क्षेत्रको विकासका लागि कोष स्थापना र सहयोगसम्बन्धी बार्षिक कार्यक्रममा रकम विनियोजन गरेका छन् । कुनै प्रदेशमा सञ्चारग्राम स्थापना, सञ्चार प्रतिष्ठान, पत्रकार सुरक्षा कोष तथा बीमा र मिडिया अनुदानका लागि रकम विभाजन गरेको पाइन्छ । यसको लागि १७ करोड ६९ लाख ५० हजार रूपैयाँ चार वर्षमा विभाजन गरेको पाइन्छ । मिडियासम्बन्धी विषयमा छुट्टयाइएको कुल रकमको यो २३ प्रतिशत हो ।

सबैभन्दा बढी कर्णाली प्रदेशले ५ करोड ७४ लाख ५० हजार रूपैयाँ विनियोजन गरेको छ भने त्यसपछि लुम्बिनी प्रदेशले ५ करोड १५ लाख रूपैंया छुट्याइएको पाइन्छ ।




सञ्चारग्राम, सञ्चार प्रतिष्ठान, सुरक्षा कोष र मिडियामा सहयोगका रकम चालु आर्थिक वर्षमा दुई गुणासम्मले वृद्धि भएको पाइन्छ । चालु आर्थिक वर्षमा ८ करोड १९ लाख रकम विनियोजन भएको पाइन्छ । प्रदेश १, २ र लुम्बिनी प्रदेशले २ करोड रूपैयाँको हाराहारीमा रकम छुट्याएको छन् ।





## ४.५ पत्रकार महासंघ र मिडियासम्बद्ध संस्थालाई सहयोग

प्रदेश सरकारहरूले प्रदेशस्थित जिल्ला तथा पत्रकार महासंघ र मिडियासम्बद्ध संघ संस्थालाई सहयोगको लागि पनि आफ्नो वार्षिक कार्यक्रममा रकम छुट्याइएको पाइन्छ । प्रदेश नं. २ र बागमती प्रदेशले मात्र चार वर्षको अन्तरालमा रकम छुट्याएको छैनन् । अन्य सबै प्रदेश सरकारले


२६ सेन्टर फर मिडिया रिसर्च नेपालले ३ सेप्टम्बर २०२१ मा गरेको भर्चुवल छलफल कार्यक्रममा व्यक्त धारणा ।

२७ सेन्टर फर मिडिया रिसर्च नेपालले १४ सेप्टम्बर २०२१ मा गरेको भर्चुवल छलफल कार्यक्रममा सञ्चार रजिष्ट्रार रेवती सापकोटाले दिएको जानकारी ।

पत्रकार महासंघ र प्रदेशस्थित मिडिया र संघसंस्थालाई विभिन्न प्रयोजन जस्तै महासंघको भवन निर्माण, मर्मत, मेशिनरी औजार खरिद, पुस्तकालय र मिडिया सेन्टर निर्माण, मूर्ति निर्माण र अन्य महासंघको विविध गतिविधिका लागि रकम छुट्याइएको पाइन्छ । जिल्ला पत्रकार महासंघ उदयपुरलाई २०७८/७९ का लागि प्रेस मूर्ति निर्माणका लागि १० लाख रूपैंया छुट्याइएको छ ।




पछिल्लो समयमा पत्रकार महासंघ र अन्य मिडियासम्बद्ध संघ संस्थालाई रकम चार गुणाले वृद्धि भएको छ । आर्थिक वर्ष २०७५/७६ मा यो शीर्षक अन्तर्गत रकम विनियोजन ९० लाखको हाराहारी थियो भने आर्थिक वर्ष २०७८/७९ मा ४ करोड ४५ लाख रूपैयाँ पुगेको छ । यसले के देखाउँछ भने यी पाँचवटा प्रदेश सरकारहरूले पत्रकार महासंघ लगायत अन्य मिडियासँग सम्बद्ध संघ संस्थालाई सहयोगमा वृद्धि गर्दै गएको अवस्था छ ।





सुदूरपश्चिम प्रदेशमा कैलाली, बाजुरा, बैतडी, बझाङ, अछाम, डोटीको पत्रकार महासंघ भवन निर्माणका लागि एक करोड ३० लाख रूपैयाँ छुट्याइएको पाइन्छ । भवन निर्माणका लागि विभिन्न क्षेत्रमा फरक फरक बजेट विनियोजन गरिएको छ । भवन निर्माणका लागि सबैभन्दा बढी कैलाली प्रदेश पत्रकार महासंघलाई ४६ लाख रूपैया छुट्याइएको छ भने बाजुराको जिल्ला पत्रकार महासंघका लागि ३० लाख, बैतडी जिल्ला पत्रकार महासंघका लागि २७ लाख र बझांङ, अछाम र डोटीका लागि १०/१० लाख रूपैयाँ छुट्याइएको छ । यस्तै विभिन्न सामुदायिक एफएम रेडियोका लागि पूँजीगत अनुदानका लागि पनि रकम विनियोजन गरिएको पाइन्छ ।

यस्तै गण्डकी प्रदेशमा भने भवन निर्माणबाहेक पत्रकार महासंघलाई क्षमता अभिवृद्धिको क्रियाकलापका लागि रकम छुट्याएको पाइन्छ । लुम्बिनी प्रदेशमा पत्रकार र सञ्चार क्षेत्रमा आवद्ध संघ संस्थाका लागि सहकार्य गर्न चट्याङ्ग एफएम रेडियो सुरक्षा कार्यक्रम भन्दै रकम विनियोजन गरेको पाइन्छ । यस्तै सामुदायिक रेडियो प्रसारक महासंघ (अकोराब), ब्रोडकास्टिङ एसोशिएसन अफ नेपाल (बान)लाई उपकरण खरिदका लागि पनि रकम छुट्याइएको छ । यस्तै सञ्चार क्लबहरूलाई फर्निचर खरिदका लागि पनि रकम छुट्याइएको पाइन्छ ।


## ४.६ सञ्चार माध्यममा कार्यक्रम प्रसारण र प्रकाशन

प्रदेश सरकारहरूले आफ्नो प्रदेशमा गरेका गतिविधि तथा क्रियाकलाप प्रसारण र प्रकाशनका लागि पनि रकम छुट्याएका छन् । यस्ता कार्यक्रम उत्पादन र प्रसारणका लागि चार वर्षमा ७ करोड १६ लाख रूपैयाँ विनियोजन गरिएको छ । गण्डकी र सुदूरपश्चिम प्रदेशले भने कार्यक्रम उत्पादनका लागि रकम छुट्याएको छैनन् । यस्तो कार्यक्रम उत्पादन र प्रसारणका लागि लुम्बिनी प्रदेशले सबैभन्दा बढी २ करोड ९० लाख रूपैया छुट्याएको छ भने त्यसपछि प्रदेश नं. १ ले २ करोड ५६ करोड रूपैयाँ विनियोजन गरेको छ ।




लुम्बिनी प्रदेशमा सम्बृद्ध लुम्बिनी प्रदेशसम्बन्धी टेलिभिजन कार्यक्रम उत्पादनका लागि आर्थिक वर्ष २०७८/७९ मा मात्रै ५० लाख रूपैयाँ छुट्याइएको छ । प्रदेशमा सूचिकृत र आबद्ध टेलिभिजन कार्यक्रम सञ्चालन सहकार्य, एफएम रेडियो कार्यक्रम उत्पादन सहकार्य अनुदान कार्यक्रम र एफएम रेडियो कार्यक्रम प्रसारण सहकार्य अनुदान कार्यक्रमका लागि एक करोड ५५ लाख रूपैयाँ छुट्याइएको छ । प्रदेश नं. १ मा नेपाल टेलिभिजन र रेडियो नेपालबाट


प्रदेश डायरी प्रसारण, रेडियो र टेलिभिजनमा म अघि बढ्छु कार्यक्रमका लागि पनि रकम छुट्याइएको छ । यस्तै राष्ट्रभाषा तथा लिपिमा कार्यक्रम प्रसारण र प्रकाशनलाई पनि रकम विनियोजन गरिएको पाइन्छ । बागमती प्रदेशले आर्थिक वर्ष २०७८÷७९ मा यस्तै प्रकृतिको काम गर्न ७० लाख रूपैयाँ छुट्याएको छ । यस्तै प्रदेश नं. २ ले नेपाल टेलिभिजन र रेडियो नेपालबाट प्रदेश नं. २ को डायरी निर्माण तथा प्रसारणका लागि आर्थिक वर्ष २०७८÷७९ मा ५० लाख रूपैँयाँ छुट्याएको पाइन्छ । प्रदेश नं. १ र २ मा सरकारी स्वामित्वमा खोलिएका सरकारी माध्यमलाई कार्यक्रम उत्पादन र प्रसारणका लागि भनेर रकम विनियोजन गरेको पाइन्छ । लुम्बिनी प्रदेशले भने सरकारी च्यानललाई दिने गरी रकम छुट्याएको पाइएन ।




सञ्चार माध्यमलाई कार्यक्रम उत्पादनका लागि प्रदेश सरकारले दिने सहयोग दुई गुणाले वृद्धि भएको पाइन्छ । आर्थिक वर्ष २०७५/७६ मा कुनै प्रदेशले सञ्चार माध्यममा कार्यक्रम उत्पादन र प्रसारण र प्रकाशनका लागि रकम छुट्याएको छैन । तर, त्यसपछिका वर्षहरूमा रकम छुट्याइएको पाइन्छ जसमध्ये आर्थिक वर्ष २०७८/७९ मा ३ करोड ३६ लाख रूपैँया छुट्याइएको छ भने २०७७/७८ मा १ करोड ६५ लाख रूपैयाँ छुट्याएको पाइन्छ । यसले प्रदेश सरकारले गर्ने क्रियाकलापको प्रचारका लागि कार्यक्रम उत्पादनका लागि रकम वृद्धि गरेको देखाउँछ ।

## ४.७ सञ्चार माध्यममा विज्ञापन


प्रदेश सरकारहरूले लोककल्याणकारी विज्ञापन र अन्य सूचनामूलक सामाग्री उत्पादन तथा प्रसारण तथा प्रकाशनका लागि चार वर्षमा ६ करोड ६९ लाख ६० हजार रूपैयाँ विनियोजन गरेका छन् । प्रदेश नं. २ ले सबैभन्दा बढी २ करोड ४० लाख रूपैयाँ विनियोजन गरेको पाइन्छ भने सुदूरपश्चिम प्रदेशले सबैभन्दा कम १५ लाख रूपैया छुट्याएको छ । प्रदेश नं. २ ले हरेक वर्ष यो शीर्षकमा रकम छुट्याएको छ भने लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशले भने यही आर्थिक वर्षबाट यो शीर्षकमा रकम छुट्याएको पाइन्छ ।




लोकल्याणकारी विज्ञापन तथा सार्वजनिक महत्वको सूचनासम्बन्धी सामाग्रीका रकम हरेक वर्ष वृद्धि हुँदै गएको पाइन्छ । आर्थिक वर्ष २०७५/७६ को तुलनामा २११२ प्रतिशतले वृद्धि भएको पाइन्छ । २०७५/७६ मा प्रदेश नं. २ र बागमती प्रदेशले जम्मा २० लाख ८ हजार रूपैयाँ यस शीर्षकमा रकम छुट्याएका थिए भने चालु आर्थिक वर्ष २०७८/२०७९ का लागि सबै प्रदेशले जम्मा ४ करोड ६० लाख रूपैयाँ छुट्याएको पाइन्छ ।


## ४.८ क्षमता अभिवृद्धि

प्रदेश सरकारहरूले पत्रकारहरूको क्षमता अभिवृद्धि, फेलोसिप र पुरस्कारका लागि चार वर्षको अन्तरालमा ४ करोड ३८ लाख ३० हजार रूपैयाँ विनियोजन गरेका छन् । लुम्बिनी प्रदेशले सबैभन्दा बढी ९५ लाख रूपैयाँ विनियोजन गरेको छ भने प्रदेश नं. २ ले सबैभन्दा कम २२ लाख रूपैयाँ छुट्याएको देखिन्छ । सुदूरपश्चिम प्रदेशले ९१ लख ५० हजार र बागमती प्रदेशले ९० लाख ३५ हजार रूपैंयाँ रकम छुट्याएका छन् ।




क्षमता अभिवृद्धि, फेलोसिप र पुरस्कार सम्बन्धमा रकम विनियोजनका आधारमा हेर्दा छुट्याइएका रकममा वर्षपिच्छे निकै उतार चढाव देखिन्छ । आर्थिक वर्ष २०७५/७६ मा सबै प्रदेशले गरी ५२ लाख ५० हजार रूपैयाँ छुट्याएको पाइन्छ भने २०७६/७७ मा यो रकम झण्डै तीन गुणाले वृद्धि भइ १ करोड ९४ लाख रूपैया पुगेको छ । तर, आर्थिक वर्ष

२०७७/७८ मा  भने फेरि दुई गुणाभन्दा कम ६८ लाख ४० हजार रूपैयाँ छुट्ट्याइएको छ भने आर्थिक वर्ष २०७७/७८ मा फेरि झण्डै दुई गुणाले वृद्धि भई १ करोड २३ लाख रूपैयाँ विनियोजन भएको पाइन्छ ।




# ५. बहसका मुद्दाहरू

प्रदेशको नीति तथा कार्यक्रम र बजेटमा आमसञ्चार तथा पत्रकारितासम्बन्धी उल्लेख गरिएका विषयहरूबारे थप बहस गर्नुपर्ने आवश्यकता देखिन्छ । नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भए कि भएनन् ? प्रदेश सरकार र मिडिया क्षेत्रबीचको सम्बन्ध कस्तो हुनुपर्छ ? अहिले ल्याएका नीति तथा कार्यक्रमहरू र तिनीहरूको अभ्यासले मिडिया र पत्रकारिता क्षेत्रलाई विस्तार, प्रवर्द्धन गर्न सहयोग गरेको छ कि पत्रकारिताका मूल्य मान्यतालाई संकुचन गरेका छन् ? यी विषयहरूमा बहस गर्न जरूरी छ ।

यस्तै प्रदेश सरकारहरूले यस अवधिमा आमसञ्चार नीति र कानुनहरू ल्याएका छन् । आवश्यकताका आधारमा कानुनहरू निर्माण गरिएका हुन् वा देखासिकी गरिएको हो ? बनाइएका नीति तथा कानुनहरू मिडियामैत्री छन् कि छैनन् ? त्यो पनि वहसको अर्को पाटो हुन सक्छ ।

पत्रकारको क्षमता अभिवृद्धिलाई प्रायः सबै प्रदेश सरकार हरूले प्राथमिकता दिएका छन् । पहिला पत्रकारहरूको क्षमता कस्तो थियो, प्रदेशहरूले कार्यक्रम ल्याएपछि तिनीहरूको प्रभावकारी कार्यान्वयन हुन सक्यो कि सकेन ? सञ्चालन गरिएका कार्यक्रमहरूबाट पत्रकारहरूको स्तरवृद्धिमा सहयोग पुग्यो कि पुगेन ? यतातिर पनि ध्यान दिन उत्तिकै आवश्यक देखिन्छ ।

प्रदेश सरकारहरू रेडियो, टिभी, अनलाइन र समाचार समिति सञ्चालन गर्ने प्रयासमा छन् । प्रदेश सरकारले मिडिया सञ्चालन गर्न जरूरी छ कि छैन ? यसमा पनि थप छलफल हुन जरूरी छ ।

प्रदेश सरकारहरूहरूले पत्रकारिताको संस्थागत सुधारमा जोड दिदै आएका छन् । संस्थागत सुधार अन्तर्गत के-के पर्छन ? अहिलेसम्मका पहलले केही परिवर्तन ल्याएका छन् कि छैनन ? यी पक्षहरू पनि बहसका विषय हुन् ।

सञ्चार प्रतिष्ठानको स्थापना र त्यसको उपादेयता पनि छलफलको अर्को विषय हो । त्यस्तै प्रदेश सरकारको जोड मिडियासँगको सहकार्यमा पनि छ । त्यसका लागि कार्यक्रम पनि ल्याएका छन् । प्रदेश सरकारहरूले ल्याएका सहकार्यका योजनाहरू प्रभावकारी छन् कि छैनन ? तिनीहरूले पत्रकारिता र पत्रकारका मूल्य मान्यतालाई नकारात्मक असर पार्छन् कि पार्दैनन् ? त्यतातिर पनि ध्यान दिन जरूरी छ । मिडियासँग सहकार्य अन्तर्गत जनतासँग मुख्यमन्त्री कार्यक्रमहरू सञ्चालनमा छन् । तिनीहरूको प्रभावकारितालाई हेर्न पनि उत्तिकै आवश्यक छ ।

प्रदेश सरकारहरूले प्रदेशभित्र रहेका मिडियाहरूको दर्ता, नवीकरण, अभिलेखीकरण तथा अनुगमन गर्ने भनेका छन् । यस अवधिमा के के काम भएका छन् र तिनीहरू कति प्रभावकारी छन् भन्ने पनि बहसको विषय बनेको छ । यसैगरी आमसञ्चार प्रतिष्ठान, प्रेस काउन्सिल, प्रेस रजिष्ट्रारको स्थापना तथा तिनीहरूको प्रभावकारिताको विषयमा पनि समीक्षा गर्ने बेला आएको छ । सञ्चार माध्यमहरूको वर्गीकरण, समानुपातिक विज्ञापन वितरण, पत्रकार सहायता कोष, बीमाको उपयोगिताबारे पनि छलफल गर्न सकिन्छ । बागमती प्रदेशले मिडिया मर्जरको नीति पनि लिएको छ, यो पनि अर्को बहसको विषय हो । प्रदेश सरकारले नीति तथा कार्यक्रममा उल्लेख गरेका कार्यक्रमहरू दोहोरिएको र कार्यान्वयन हुन नसकेको, प्रदेश अनुसार प्राथमिकता फरक-फरक देखिएको विषयमा पनि थप छलफल गर्न सकिन्छ ।

सेन्टर फर मिडिया रिसर्च-नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानुनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिँदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागिः**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**
पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल
रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।
इमेलः cmrnepal@butmedia.org
वेभः research.butmedia.org